**लोक सेवा आयोग**
**नेपाल कृषि सेवा, प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, फिसरिज, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, राजपत्र अनंकित प्रथम श्रेणी, प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

## परीक्षा योजना (Examination Scheme)

### १. यस पाठ्यक्रमलाई दुई भागमा विभाजन गरिएको छ।

| भाग | परीक्षा | विषय | अङ्क भार | प्रश्न संख्या | समय | परीक्षा प्रणाली | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| १ | लिखित | खण्ड (क) सामान्य विषय (सबै समूहका लागि अनिवार्य) | ५० | २५ | ४५ मिनेट | वस्तुगत वहुउत्तर | १०० | ४० |
| | | (खण्ड ख) समूह सम्बन्धी विषय (प्रत्येक समूहका लागि छुट्टाछुट्टै) | ५० | २५ | | | | |
| २ | अन्तर्वार्ता | | | | | | २० | |

२. पाठ्यक्रमको कुनै खण्डमा एकाइ र प्रश्न संख्या छुट्याइएकोमा सोही वमोजिम र यसरी नछुट्याएकोमा यथासम्भव सबै एकाइबाट प्रश्नहरु सोधिनेछन्।

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनसक्नेछ।

४. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नहरुको उत्तर सही दिएमा प्रत्येक सही उत्तर बापत २ (दुई) अङ्क प्रदान गरिनेछ भने गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अर्थात् ०.४ अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

५. यस पाठयक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ (तीन) महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा रहेको सम्झनु पर्दछ।

७. लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

८. पाठ्यक्रम लागू मिति - २०५८/९/१७

**लोक सेवा आयोग**
**नेपाल कृषि सेवा, प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, फिसरिज, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड  डेरी डेभलपमेण्ट समूह, राजपत्र अनंकित प्रथम श्रेणी, प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

## खण्ड (क)  सामान्य विषय (सबै समूहका लागि अनिवार्य)

**प्रश्नसंख्या :- २५** **अङ्क :- ५०**

१. चालू पञ्चवर्षीय योजनाको अवधारणा, उद्देश्य र प्राथमिकता ।

२. चालू पञ्चवर्षीय योजनामा कृषि विकासको उद्देश्य, नीति र बाली, फलफूल, तरकारी, मत्स्य, पशुपंक्षी आदि क्षेत्रगत विकास कार्यक्रमको प्राथमिकता, लक्ष्य एवं कार्यान्वयन रणनीति ।

३. कृषि तथा पशु विकास कार्यक्रम तर्जुमाका आधार र एकीकृत प्रसारसेवा कार्यक्रम ।

४. कृषि तथा पशु विकास कार्यक्रममा ऋण, उत्पादन सामग्री, कृषि औजार तथा उपकरण, बजार तथा मूल्य व्यवस्था ।

५. कृषि एवं पशु विकासमा सरकारी, सहकारी तथा निजी क्षेत्रको भूमिका ।

६. प्रमुख कृषि/पशुपंक्षी जन्य वस्तुहरुको उत्पादन लागत तथा मूल्य निर्धारण ।

७. नेपालको अर्थतन्त्रमा कृषि/पशु विकासको महत्व ।

८. वर्तमान कृषि र पशुसेवा विभागको संरचना र उपलब्धि ।

९. बढ्दो जनसंख्या वृद्धिदरको परिप्रेक्ष्यमा उत्पादन वृद्धिको लागि अपनाइने उत्पादन र उत्पादनोपरान्त (Post-harvest) प्रविधि ।

१०. कृषि विकासमा कृषि/पशु प्रसारको महत्व ।

११. कृषि/पशु प्रसारका विभिन्न तरीकाहरु तिनको तुलनात्मक फाइदा र सीमितताहरु ।
   (क) व्यक्तिगत तरीका (Individual method)
   (ख) समूहगत तरीका (Group method)
   (ग) सामुदायिक तरीका (Community method)

१२. कृषि/पशु विकासमा समूह पद्धति प्रकृया र कार्यान्वयन, अगुवा कृषक छनौटको आधार भूमिका र परिचालन ।

१३. कृषि/पशु प्रसारमा प्रदर्शन कार्यक्रमको उद्देश्य, सीमितता र प्रभावकारिता ।

१४. कृषि/पशु विकास कार्यक्रम तर्जुमा तथा कार्यानवयनमा जिल्ला प्रोफाइल (District Profile) को महत्व ।

१५. कार्यक्रममा कार्यान्वयन स्तरमा सुपरिवेक्षण, अनुगमन एवं मूल्यांकनको भूमिका ।

१६. नेपालको कृषि/पशु सेवा कार्यक्रममा महिला एवं युवाको भूमिका ।

१७. नेपालको कृषि विकास कार्यक्रमका प्रमुख समस्याहरु ।

१८. कृषि/पशु विकासका लागि सञ्चार कार्यक्रमको आवश्यता ।

१९. कृषि/पशु विकासका लागि तालीम कार्यक्रमको भूमिका ।

२०. कृषि विकासमा ग्रामीण पूर्वाधार (सिंचाइ, कृषि सडक आदि) को महत्व ।

२१. दिगो कृषि विकासका सिद्धान्तहरु ।

२२. कृषि/पशु विकास कार्यक्रममा स्थानीय निकायहरुको भूमिका ।

((समाप्त))

**लोक सेवा आयोग**
**नेपाल कृषि सेवा, प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, फिसरिज, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, राजपत्र अनंकित प्रथम श्रेणी, प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

## खण्ड (ख) एगृ.इको.एण्ड मार्केटिङ्ग समूह सम्बन्धी विषय

**प्रश्नसंख्या :- २५** **अङ्क :- ५०**

१. कृषि अर्थशास्त्रको परिचय र कृषि विकासमा यसको महत्व
२. मागको परिचय र नियम
३. आपूर्तिको परिचय
४. आवधिक योजनाको परिचय र कृषि विकासमा यसको महत्व
५. दीर्घकालीन कृषि विकास योजनाको अवधारणा, उद्देश्य र प्राथमिकता
६. बजारमुखी कृषि उत्पादनको परिचय
७. कृषि विकासमा बजारको महत्व
८. फार्मगेट, थोक तथा खुद्रा मुल्यको अवधारणा
९. समूह बजार तथा हाट बजारको परिचय, वर्तमान स्थिति र कृषि विकासमा यसको महत्व
१०. खाद्य सुरक्षाको अवधारणा
११. उत्पादन लागतको परिचय र तुलनात्मक लाभका बालीहरुको पहिचानमा यसको भूमिका
१२. तथ्यांक संकलनमा प्राथमिक (Primary data) र सहायक तथ्यांक (Secondary data) को परिचय तथा श्रोतहरु
१३. तथ्यांक प्रशोधन तथा ट्याबुलेशनमा सामान्य तथा भारित औसत Average, Median र Mode को प्रयोग
१४. कृषि विकास तथा बजार विकासमा महिला वर्गको योगदान तथा सहभागिताको स्थिति
१५. अनुगमन तथा मूल्यांकनको परिचय
१६. तथ्यांक संकलन गर्दा ध्यान दिनु पर्ने कुराहरु
१७. कृषि उद्यम (Agri-business) को परिचय र नेपालमा यसका सम्भावनाहरु
१८. नेपालमा वस्तुगत कृषि उपजहरुको बजार प्रणाली बारे जानकारी

## <u>नमूना प्रश्नहरु (Model Questions)</u>

१. तलको कुन चाहिँ भनाइ बेठीक छ ?
(क) कृषि बजार विकासले उत्पादक, व्यापारी र उपोक्ताहरुलाई सेवा पुऱ्याउँछ ।
(ख) कृषि बजार विकासले उत्पादक, व्यापारीहरुलाई सेवा पुऱ्याउँछ ।
(ग) कृषि बजार विकासले उत्पादकहरुलाई सेवा पुऱ्याउँछ ।
(घ) कृषि बजार विकासले उत्पादक, व्यापारी, उपभोक्ता र सामाजिक कार्यकर्ताहरुलाई सेवा पुऱ्याउँछ ।

२. नेपालमा आवधिक योजनाको शुरुआत कुन सालमा भएको हो ?
(क) २००७ (ख) २०१३ (ग) २०१७ (घ) २०२१

३. नवौं पञ्चवर्षीय योजनाले कुन उपजलाई प्राथमिकता दिएको छ ?
(क) तरकारी बाली (ख) उखु बाली (ग) औद्योगिक कच्चा पदार्थ (घ) माछा

४. दीर्घकालीन कृषि विकास योजनाले कृषि उत्पादनलाई कति प्रतिशतले वृद्धि गर्ने लक्ष्य राखेको छ ?
(क) ४ (ख) ५ (ग) ६ (घ) ७

५. बजारमुखी कृषि उत्पादन भन्नाले के बुझिन्छ ?
(क) उत्पादन गरेका उपजलाई प्रभावकारी रुपमा बेचबिखन गर्नु ।
(ख) बजारको रुचि र माग अनुसारको बाली उत्पादन गर्नु ।
(ग) नजिक र टाढाको बजारमा समेत लगेर बेचविखन गर्न सकिने बाली उत्पादन गर्नु ।
(घ) नजिकको बजारमा सजिलै बेच्न सकिने वस्तु उत्पादन गर्नु ।